"Access to All"

# गरिमा विकास बैंक लिमिटेड
# Garima Bikas Bank Limited

नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्रप्राप्त संस्था

**Head Office:** Lazimpat, Kathmandu-2, **Ph :** 01-4445424/25/26/27, **Fax:** 01-4445430
**Email:** info@garimabank.com.np **Website:** www.garimabank.com.np

# Unaudited Financial Results (Quarterly)

## As on Second Quarter (30/09/2075) for the Fiscal Year 2075/076

Rs. in '000

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **32,101,620.86** | **27,286,916.22** | **21,118,101.85** |
| 1.1 | Paid-up Capital | 2,788,368.00 | 2,788,368.00 | 2,534,880.00 |
| 1.2 | Reserves and Surplus | 652,630.10 | 464,951.04 | 469,925.61 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | - | 208,500.00 | - |
| **1.5** | **Deposits (a+b)** | **26,979,764.17** | **22,883,547.73** | **17,407,779.41** |
| | a. Domestic Currency | 26,303,084.17 | 22,883,547.73 | 17,407,779.41 |
| | b. Foreign Currency | 676,680.00 | - | - |
| 1.6 | Income Tax Liabilities | 119,801.60 | 39,367.62 | 77,384.66 |
| 1.7 | Other Liabilities | 1,561,056.99 | 902,181.83 | 628,132.17 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **32,101,620.86** | **27,286,916.22** | **21,118,101.85** |
| 2.1 | Cash & Bank Balance | 1,351,395.22 | 1,237,747.51 | 1,450,043.21 |
| 2.2 | Money at call and short Notice | 5,002,445.02 | 3,994,079.71 | 2,959,531.15 |
| 2.3 | Investments | 706,853.56 | 606,746.90 | 376,088.90 |
| **2.4** | **Loans & Advances (a+b+c+d+e+f)** | **23,523,057.87** | **20,813,336.45** | **15,754,976.76** |
| | **a. Real Estate Loan** | **954,944.12** | **981,313.77** | **806,597.11** |
| | 1. Residential Real Estate Loan (Except Personal Home Loan upto Rs 15 million) | 415,641.19 | 384,030.37 | 307,540.85 |
| | 2. Business Complex & Residential Apartment Construction Loan | - | - | - |
| | 3. Income generating Commercial Complex Loan | - | - | - |
| | 4. Other Real Estate Loan (Including Land Purchase & Plotting) | 539,302.93 | 597,283.40 | 499,056.26 |
| | b. Personal Home Loan (Upto Rs. 15 million) | 2,502,094.31 | 2,321,162.82 | 1,973,727.34 |
| | c. Margin Type Loan | 165,399.51 | 123,195.35 | 65,250.11 |
| | d. Term Loan | 7,601,201.77 | 6,352,508.33 | 4,140,128.47 |
| | e. Overdraft Loan / TR Loan / WC Loan | 6,056,241.25 | 5,348,864.46 | 4,185,626.31 |
| | f. Others | 6,243,176.91 | 5,686,291.72 | 4,583,647.42 |
| 2.5 | Fixed Assets | 339,487.95 | 272,271.11 | 231,647.01 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 1,178,381.24 | 362,734.54 | 345,814.82 |
| **3** | **Profit and Loss Account** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 3.1 | Interest income | 1,625,504.63 | 744,388.08 | 1,061,289.37 |
| 3.2 | Interest Expense | 975,608.39 | 444,083.30 | 623,366.75 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **649,896.24** | **300,304.78** | **437,922.62** |
| 3.3 | Fees Commission and Discount | 10,436.28 | 3,510.06 | 8,248.62 |
| 3.4 | Other Operating Income | 132,083.03 | 58,351.05 | 82,618.02 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | (91.50) | 65.38 | - |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **792,324.05** | **362,231.27** | **528,789.26** |
| 3.6 | Staff Expenses | 147,708.29 | 78,709.02 | 107,740.56 |
| 3.7 | Other Operating Expenses | 131,626.98 | 60,297.90 | 84,730.45 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **512,988.78** | **223,224.35** | **336,318.25** |
| 3.8 | Provision for Possible Loss | 73,716.26 | 88,856.23 | 56,014.67 |
| **D** | **Operating profit (C-3.8)** | **439,272.52** | **134,368.12** | **280,303.58** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | - | 9,980.04 | 3,440.18 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **439,272.52** | **144,348.16** | **283,743.76** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **439,272.52** | **144,348.16** | **283,743.76** |
| 3.12 | Provision For Staff Bonus | 39,933.87 | 13,122.54 | 25,794.89 |
| 3.13 | Provision For Tax | 119,801.60 | 39,367.62 | 77,384.66 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **279,537.06** | **91,858.00** | **180,564.21** |
| **4** | **Ratios** | **This Quarter Ending** | **Previous Quarter Ending** | **Corresponding Previous Year Quarter Ending** |
| 4.1 | Capital Fund to RWA | 15.91% | 17.18% | 21.37% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 0.28% | 0.84% | 0.47% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 431.91% | 177.75% | 277.73% |
| 4.4 | Cost of Funds | 8.90% | 8.22% | 8.14% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 78.26% | 79.17% | 77.34% |
| 4.6 | Base Rate | 11.52% | 11.88% | 11.63% |
| 4.7 | Net Interest Spread | 5.39% | 6.34% | 6.00% |
| **5** | **Additional Information** | | | |
| 5.1 | Net Worth Per Share (Rs) | 123.41 | 116.67 | 118.54 |
| 5.2 | Total Assets Per Share (Rs) | 1151.27 | 978.60 | 833.10 |
| 5.3 | Earning Per Share (Annualized) | 20.05 | 13.18 | 14.25 |
| 5.4 | Price Earning Ratio (Annualized) | 9.23 | 13.66 | 13.62 |
| 5.5 | Return on Equity (Annualized) | 17.68% | 11.62% | 12.79% |

* If the statutory and supervising authority notify to change the Un-audited financial statements, the figure may change accordingly.
* Loans & Advances & Investment are being presented in gross basis and loss provisions are included on other liabilities.
* Previous Period Figures have been regrouped/rearranged wherever necessary.

# धितोपत्र दर्ता तथा निष्काशन नियमावली
### २०७३ को अनुसूची–१४ (नियम २६ को उपनियम १ संग सम्बन्धित)
# आ. व. २०७५/०७६ को दोस्रो त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण :**

क) **त्रैमासिक अवधिको बासलात, नाफा नोक्सान सम्बन्धी विवरण:**

विकास बैंकको यस त्रैमासिक अवधिको वासलात तथा नाफा नोक्सान विवरण यसै साथ प्रकाशित गरिएको छ । सम्बन्धित पक्ष (Related Party) बिच कुनै कारोबार भएको छैन ।

ख) **प्रमुख वित्तीय अनुपातहरु**

| | |
|---|---|
| प्रति शेयर आम्दानी : रु. २०.०५ | मुल्य आम्दानी अनुपात : ९.२३ |
| प्रति शेयर नेटवर्थ : रु. १२३.४१ | प्रति शेयर कुल सम्पतिको मुल्य : रु. १,१५१.२७ |
| तरलता अनुपात : २५.१४ प्रतिशत | पूँजीकोष अनुपात : १५.९१ प्रतिशत |

२. **व्यवस्थापकीय विश्लेषण:**

(क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण :** विकास बैंकको यस त्रैमासिक अवधि सम्मको व्यवसायिक तथा वित्तीय स्थिति (निक्षेप संकलन, कर्जा लगानी तथा आम्दानी) सन्तोषजनक रुपमा वृद्धि भएको छ ।

(ख) **आगामी अवधिको लागि व्यवसायिक योजना सम्वन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :** विकास बैंकले ग्राहकको चाहना बमोजिम अत्याधुनिक बैंकिङ सेवा, ए.टि.एम. सेवा, मोबाईल बैंकिङ सेवा, ईन्टरनेट बैंकिङ्ग, गरिमा रेमिट तथा ग्राहकमुखी विभिन्न योजनाहरु सञ्चालन गर्दै आएको छ । साथै, बिदेशी मुद्रा सटही सम्बन्धी कार्यको लागि नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त गरिसकेको अवस्था छ । बैंकिङ क्षेत्रमा देखिएको प्रतिस्पर्धा तथा ग्राहकको चाहनामा भएको परिर्वतन समेतलाई मध्यनजर गर्दै आगामी दिनमा समयसापेक्ष प्राविधिक विकास गर्दै व्यावसाय विस्तार गर्ने, नयाँ व्यवसायिक योजनाको विकास, लगानीका क्षेत्रहरुको खोजी, व्यवसाय विविधीकरण तथा गुणस्तरीय सेवा प्रदान गर्ने विकास बैंकको योजना रहेको छ । साथै, बिकास बैंकले चालु आर्थिक बर्षभित्रमा देशका सातवटै प्रदेशमा शाखा सञ्जाल हुने गरी वित्तीय सेवा प्रवाह गर्ने लक्ष्य लिएको छ ।

(ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :** विकास बैंकको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदि भएको छैन ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण:**

(क) कर्जा कारोबारको सर्न्दभमा पर्ने नियमित प्रकृतिका मुद्दा मामिला बाहेक यस त्रैमासिक अवधिमा विकास बैंकले वा यस विकास बैंकको विरुद्ध कुनै मुद्दा दायर भएको छैन ।

(ख) हालसम्म विकास बैंकको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

(ग) हालसम्म विकास बैंकको संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

४. **विकास बैंकको शेयर कारोवार सम्बन्धी विश्लेषण:**

(क) शेयर कारोवारमा हुने उतार चढाव खुल्ला बजारले प्रतिपादन गरेको मूल्य तथा मान्यता अनुरुप हुने गरेको छ ।

(ख) विकास बैंकको यस त्रैमासिक अवधिमा शेयरको अधिकतम, न्यूनतम, अन्तिम मुल्य, कारोवार भएको कुल दिन तथा कारोवार संख्या देहाय वमोजिम रहेको छ । (नेपाल स्टक एक्चेन्जको वेवसाइट www.nepalstock.com.np अनुसार)

| | | | |
|---|---|---|---|
| शेयरको अधिकतम मूल्य | : रु. २०९ | शेयरको न्युनतम मूल्य | : रु. १७१ |
| शेयरको अन्तिम मूल्य | : रु. १८५ | कारोबार भएको कुल दिन | : ६० दिन |
| कारोबार भएको कुल शेयर संख्या | : ५,३६,२०३ | | |

५. **समस्या तथा चुनौती:**

**आन्तरिक** : बढ्दो सञ्चालन लागत तथा घट्दो व्याजदर अन्तर, तिब्ररुपमा मुलुकमा विस्तार भइरहेको बैंकिङ्ग सञ्जालको तुलनामा दक्ष जनशक्तिको उपलब्धतामा कमी एवं Turnover, कारोवार तथा शाखाहरुको बृद्धि संगसगैं संचालन जोखिम व्यवस्थापन थप चुनौतीपूर्ण हुनु ।

**बाह्य** : प्रतिस्पर्धी बैंकिङ्ग क्षेत्र, तरलतामा हुने उतारचढाव, बैंकिङ्ग क्षेत्रमा विकास भइरहेको प्राविधिक परिवर्तनको अवस्था, आदि ।

**समस्या तथा चुनौती समाधान गर्न व्यवस्थापनले अवलम्बन गरेको रणनीति :**

- तरलता व्यवस्थापनका लागि कम लागतमा निक्षेप संकलन गर्न प्रयास गरिएको छ ।
- कर्जा लगानीका विभिन्न नयाँ क्षेत्रहरुको खोजी गर्नुका साथै उत्कृष्ट ग्राहकहरु पहिचान गर्ने रणनीति अवलम्बन गरिएको छ ।
- कर्मचारीको कार्यक्षमता अभिवृद्धिको लागि आन्तरिक तथा बाह्य तालिमको व्यवस्था गरिएको छ ।
- समयसापेक्ष प्रविधिमा आधारित सेवाहरुको पहिचान तथा प्रयोगमा जोड दिईएको छ ।
- सेवाग्राहीहरु संग राम्रो एवं सुमधुर सम्बन्ध कायम गर्न निरन्तर प्रयास गरिएको छ ।
- संचालन खर्च न्युनीकरण गर्नका लागि प्रभावकारी अनुगमन प्रणालीको विकास गरिएको छ ।
- बजारको प्रतिस्पर्धाको विश्लेषण गरी ग्राहकको चाहना बमोजिम विभिन्न वस्तु तथा सेवा प्रस्तुत गरिएको छ ।
- निष्क्रिय कर्जामा वृद्धि हुन सक्ने परिस्थितिको विश्लेषण गरी ग्राहकहरुको कर्जा चुक्ता गर्न सक्ने क्षमताको विश्लेषण गरेर मात्र कर्जा प्रवाह गर्ने प्रयास गरिएको छ ।

६. **संस्थागत सुशासन :**

विकास बैंकले नेपाल राष्ट्र बैंक तथा अन्य नियमनकारी निकायको निर्देशन बमोजिम आवश्यक नीति, नियम तथा निर्देशिकाहरु तयार गरी सम्बन्धित पक्षको काम, कर्तव्य र दायित्व एवं कार्य पद्धती स्पष्ट तोकिएको हुनाले आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी रहेको छ । विकास बैंकले आन्तरिक नियन्त्रण प्रणालीलाई क्रियाशिल गराउन एक स्वतन्त्र आन्तरिक लेखापरीक्षकको व्यवस्था गरेको छ । जस अनुसार प्रत्येक त्रैमासको आन्तरिक लेखापरीक्षण गर्ने गरिएको छ । नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कारोबारको आन्तरिक लेखापरीक्षण प्रतिवेदनलाई लेखापरीक्षण समितिमा छलफल गराई प्राप्त राय तथा सुझावलाई सञ्चालक समितिको बैठकमा प्रस्तुत गरी निर्णय गरिने भएकाले जांच तथा सन्तुलन प्रभावकारी हुन गई आन्तरिक नियन्त्रण प्रणाली सवल बनेको छ ।

७. **सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण :**

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जानेबुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विबरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाईएको छैन ।